# शिखर नगरपालिकाको वार्षिक नीति,कार्यक्रम तथा बजेट २०८३/०८४

आदरणीय यस सभाका अध्यक्ष ज्यू,

सभाका सदस्यज्यूहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरू,

"शिक्षा,स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार

आत्मनिर्भर युवापुस्ता, बलियो सरकार" भन्ने मूल नारा सहीत

शिखर नगरपालिका नगरसभाको १९ औं अधिवेशनमा यहाँहरू सबैलाई हार्दिक नमस्कारको साथ स्वागत गर्दछु। आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै गर्व लागेको छ । नेपालमा नागरिक सर्वोच्चता, लोकतन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनाको साथै जेन्जि आन्दोलनको क्रममा आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै उहाँहरूको आत्माको चीरशान्तिको कामना गर्दछु। देशमा सुशासन कायम गरी जनतालाई अधिकार दिलाउन भएका आन्दोलनका क्रममा घाइते भई शारीरिक तथा मानसिक रूपमा पीडित हुनुभएका महान् व्यक्तित्वहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दै शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

विश्व अर्थतन्त्रमा देखिएको प्रभाव, राष्ट्रले लिएको आर्थिक तथा वित्तीय नीति अनुरुपको देशको अर्थतन्त्र सबलीकरण गराउने रणनीति र पछिल्लो समयमा खस्कँदो आर्थिक अवस्थाबाट यस नगरपालिका पनि अछुतो रहन नसकेको व्यहोरा सम्पूर्णमा विदितै छ। सोही अनुरुप यस नगरपालिकामा पनि गत वर्षका नीति, रणनीति र तयार गरिएका कार्यक्रममा उपयुक्त रूपमा पहिचान भएका स्थानीय स्रोत साधन, सम्भावित राजस्व सङ्कलनका क्षेत्र, आन्तरिक आय सङ्कलनमा समुचित व्यवस्थापन गर्दै वृहत्तर हितमा न्यूनतम कार्य गर्न राष्ट्रियस्तरमा नै आर्थिक सङ्कुचन हुँदा, कतिपय लोककल्याणकारी कार्यहरू समेत सम्पादन गर्न नसकेको र यसबाट समाजमा पर्न गएको असर प्रति अत्यन्तै गम्भीर भएको छु ।

तथापि, सङ्कुचित आन्तरिक स्रोतलाई क्षेत्रगत रूपमा फरक पार्दै, सूचकगत सुधारमा केन्द्रित भएर, दिगो, योजनाबद्ध, समन्वयात्मक, फरक किसिमको, मागमा आधारित विकासका निम्ति प्रतिबद्ध रहेको समेत अवगत गराउँदछु । शिखर नगरपालिकाको सर्वोपरी हितका लागि सहयोग गर्ने सबै निकाय तथा पदाधिकारी एवं व्यक्तित्वहरूप्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा समेत सहकार्य र समन्वयका लागि अपील गर्दछु । यस अवधिमा प्राप्त सुझाव, सल्लाहलाई आत्मासात् गर्दै नगरको हितमा गरिएका रचनात्मक र सकारात्मक आलोचना सहर्ष स्वीकारं गर्दछु ।

आदरणीय नगरसभाका सभाध्यक्ष ज्यू,
नगर सभाका सदस्यज्यूहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरू,
अब म शिखर नगरपालिकाको संक्षिप्त परिचय प्रस्तुत गर्न गइरहेको छु:

शिखर नगरपालिकाको नीति तथा कार्यक्रमहरू आन्तरिक सुशासन र सबल प्रशासनको विकासबाट प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम सोही तर्फ निर्देशित रहेको छ। यसले

दिर्घ बहादुर बलायर
नगर प्रमुख

CamScanner

जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने कार्यरत् कर्मचारीहरूको क्षमता विकास, स्रोत साधनमा वृद्धि र प्रणालीगत सुशासन विकास गर्ने नीति अवलम्बन गर्ने प्रस्ताव गरेको छु। शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सरसफाइ, विपद् व्यवस्थापन, न्याय निरूपण, वित्तीय सुशासन जस्ता विषयगत क्षेत्रहरूका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरिएको छ। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम शिखर नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित नगरसभाको १९ औं अधिवेशन समक्ष प्रस्तुत गरिएको छ।

सुदूरपश्चिम प्रदेश अन्तर्गत डोटी जिल्लामा रहेको यस नगरपालिका वि.सं. २०७३ सालमा नेपालको सङ्घीय शासन प्रणाली अन्तर्गत राज्य पुनर्संरचनामा स्थानीय तहको नयाँ सिमाङ्कन गर्दा साविकका ९ वटा गाउँ विकास समितिहरू (कपल्लेकी, मुडेगाउँ, मुडभरा, पचनाली, तिजाली, लाटामाण्डौं, जिजोडामाण्डौं, बनलेक एवं बारवाटा ) समावेश भई स्थापना भएको थियो। जम्मा ११ वटा वडामा वर्गीकरण गरिएको यस नगरपालिकाको कुल क्षेत्रफल केन्द्रिय तथ्याङ्क अनुसार २८५.८५ वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन अनुसार यहाँको जम्मा परिवार सङ्ख्या ७०१६ र जनसङ्ख्या ३०,३९९ रहेको छ, जसमा १७०४७ (५६.०३%) महिला र १३३५२ (४३.९७%) पुरुष रहेका छन्।

शिखर नगरपालिकाका ११ वटै वडा कार्यालयहरू आफ्नै भवनबाट सञ्चालित रहेका छन् । प्राकृतिक र धार्मिक दृष्टिकोणले अत्यन्तै महत्त्व राख्ने महाभारत ग्रन्थमा बर्णित शिखर नगरपालिकाको तल्लो क्षेत्रमा सेती नदी रहेको हुँदा लेकदेखि बेसी (औल) सम्मको हावापानी यस क्षेत्रमा पाइन्छ। यस क्षेत्रलाई प्राकृतिक स्रोत साधनको दृष्टिकोणले डोटी जिल्लाकै महत्त्वपूर्ण स्थानीय तहको रूपमा लिन सकिने प्रशस्त आधारहरू रहेका छन्।

नगरपालिकाका लागि अत्यावश्यक ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्डहरू निर्माण भएका छन् भने आवश्यक कर्मचारी र कार्यालयका लागि न्यूनतम पूर्वाधार निर्माण भएको छ । १० वटा वडाहरूमा मोटर बाटो पुगेको छ भने एउटा वडामा सडक निर्माणको कार्य जारी छ। सेती नदीमा निर्माणाधीन मोटरेबल पुल अधुरो हुँदा वडा नं ११ लाई राजमार्गसँग जोड्न कठिन भएको छ। नगरका केही ग्रामीण सडकहरू कालोपत्रे र ट्र्याक कटिङ्ग भई विस्तार हुँदै गएको अवस्था छ। सबै वडा कार्यालयबाट प्रविधिको माध्यमबाट सेवा दिँदै आएको र यसको गुणस्तर अभिवृद्धि गर्दै लैजाने योजना समेत रहेको छ।

## शिखर नगरपालीकाका अवसर तथा चुनौतीहरू:

शिखर नगरपालिका र नगरवासीको समृद्ध र सर्वाङ्गीण विकासका गतिविधि सञ्चालन गर्नका निम्ति नगरमा उपलब्ध सीमित स्रोत साधनको उपयोगबाट विकासका थुप्रै आवश्यकताहरू परिपूर्ति गर्नुपर्ने चुनौती रहँदा रहँदै पनि यस नगरपालिकाको समग्र आवश्यकता पूरा गर्न र समृद्ध शिखर निर्माण गर्न पूर्वाधारका रूपमा थुप्रै सम्भावना र अवसरहरू पहिचान भएका छन्।

दिर्घ बहादुर बलायर
नगर प्रमुख

## चुनौतीहरू:

शिखर नगरपालिकामा उच्च पहाडी, लेकाली र बेसी मिश्रित भूभाग भएको हुँदा सीमित स्रोतसाधनले छोटो समयमा तीव्र गतिमा विकास गर्न असम्भव जस्तै छ। यस नगरपालिकामा बग्ने सेती नदी र शाखा खोलाहरूका कारण बाढी पहिरो, डुबान, कटान लगायतका विपत्तिहरूको जोखिम रहेको छ । सेती नदीमा आउने बाढी र नदी कटान नियन्त्रण निकै चुनौतीपूर्ण छ, जसका लागि ठूलो लगानीका योजनाहरूको आवश्यकता छ । राजमार्गसँग नगरका वडा तथा बस्तीहरू जोड्ने कच्ची सडकका कारण दुर्घटनाको जोखिम पनि उत्तिकै रहेको छ। ग्रामीण सडकहरू खोल्न वार्षिक सरसफाइ गरे पनि नियमित सञ्चालन गर्न कठिनाई छ। बजेट अभावका कारण सडक स्तरोन्नति, कालोपत्रे, ट्र्याक कटिङ्ग गर्न नसक्दा जनता असुरक्षित यात्रा गर्न बाध्य छन्।

नगरपालिकाबासीका अधिकांश घरहरू पुराना, जीर्ण एवं ढुंगामाटोले निर्मित छन्। यस क्षेत्रमा भूकम्पको पनि निकै जोखिम छ । ठूलो खाले भूकम्प गएको अवस्थामा यहाँ ठूलो मात्रामा धनजनको क्षति हुने सम्भावना रहेको छ। पालिकाको सीमित स्रोत र गरिबीको रेखामुनी रहेको समुदायले मापदण्ड अनुरुप, भूकम्प प्रतिरोधात्मक घरहरू निर्माण गर्नसक्ने अवस्था छैन। यसमा संघीय र प्रदेश सरकारले विशेष चासो देखाउन जरुरी छ । साविकदेखि प्रयोग गर्दै आएको प्राकृतिक सम्पदाहरूको प्रयोग गर्दा सरकारलाई बुझाउनुपर्ने राजस्व सङ्कलन गर्ने सन्दर्भमा स्थानीय बासिन्दाहरूलाई समयमै कर तिर्ने बानीको विकास गर्नु / गराउनु हाम्रो अर्को मुख्य चुनौती रहेको छ।

कृषि, वन वातावरण तथा अन्य पूर्वाधार र सशक्तिकरणका कार्यक्रमहरूमा विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट वर्षेनी लाखौं लगानी भएतापनि खाद्य असुरक्षा, गरिबी, असमानता, जातीय विभेद, छुवाछुत, महिला हिंसाका घटनाहरूबाट पार पाउन सकिएको छैन । शान्ति सुरक्षाको अवस्था चुस्त दुरुस्त एवं प्रभावकारी बनाउन सकिएको छैन । दुर्व्यसनिता, निरक्षरता र अदक्षताले गाँजिरहेको छ। नगरपालिकाको आन्तरिक आयस्रोत अत्यन्तै न्यून हुनु, विकासको प्रतिफल लक्षित समुदायसम्म पुर्याउन नसक्नु थप चुनौतीका रूपमा रहेका छन् । नगरपालिका र वडाहरूले शून्य अवस्थाबाट काम सुरु गर्दा धेरै कठिनाईहरू व्यहोर्नु परिरहेको छ। उल्लिखित चुनौतीहरूको बावजुद सबै सरोकारवाला निकायहरूको समन्वय र सहकार्यमा दिगो विकास गरी यसका प्रतिफल लक्षित समुदायसम्म पुर्याउन हामीले सामूहिक प्रयास गर्न निरन्तर आवश्यक रहेको कुरा स्मरण गराउन चाहन्छु ।

सबै वर्ग, क्षेत्र, जातजाति, उमेर समूह, लिङ्ग, विपन्न वर्ग, असहाय, अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूल प्रवाहमा ल्याई समुन्नत नगर बनाउनुपर्नेमा प्रतिबद्ध भएर लाग्नुपर्ने अवस्था रहेको छ। केही चुनौतीहरू बुदागत गत रूपमा प्रस्तुत गरिएका छन ।

- करिब ७० प्रतिशत भूभाग ऐलानी, पर्ती तथा वन क्षेत्र रहेकाले भू-उपयोग नीति तथा भू-उपयोग योजना कार्यान्वयन गर्नु / गराउनु ।
- भौतिक पूर्वाधार सम्बन्धी विकास निर्माणका कामहरू सञ्चालन गर्नु र आम नागरिकको बसोबासलाई व्यवस्थित गर्नु ।

दिर्घ बहादुर बलायर
नगर प्रमुख

CamScanner

- सीमित स्रोतसाधन, विविधतायुक्त भूगोल र छरिएको बसोबासका कारण विकासका आवश्यकताहरू छोटो समयमा पूरा गर्न कठिनाई हुनु ।
- आर्थिक विकासका लागि राजस्वको सङ्कलन एवं परिचालनका नयाँ क्षेत्रको खोजी गरी व्यवस्थापन गर्न कठिनाई हुनु ।
- साविक तहको योजना तर्जुमा प्रक्रिया पूरा गरी योजना माग, छनौट, प्राथमिकीकरण र कार्यान्वयनमा कानूनी व्यवस्था अनुरुपको उत्तरदायित्व पूरा गर्न साना साना योजनालाई वडा तहबाट सम्बोधन गर्न लगाई मझौला आकारका योजनामा नगरपालिकाको बजेट केन्द्रित गर्न नसकिएको ।
- उपभोक्ता समितिको काम कारबाहीमा पारदर्शिता, जवाफदेहिता र अर्थपूर्ण जनसहभागिता कायम गराउनु।
- ठेक्का तथा उपभोक्ता समिति मार्फत् गरिने कार्य समयमा सम्पन्न गर्न कठिनाई ।
- विकासमा आर्थिक अनुशासन कायम गर्न सहज नभएको ।
- भौगोलिक विकटताका कारण पूर्वाधार विकासमा कठिनाई रहेको।
- करदाताहरूलाई करको दायरामा समेट्न कठिनाई रहेको ।
- कर तिर्ने बानीको विकास गर्दै करदातालाई प्रोत्साहित गर्न कठिन रहेको ।
- संघ र प्रदेश सरकारका योजनाहरू यस क्षेत्रको प्राथमिकतामा नपर्नु ।
- लागू औषधि सेवनकर्ता बालबालिका र युवाहरूको वृद्धि हुनु ।
- बसाईसराईंको दर वृद्धि हुनु हाम्रो लागि निकै चुनौतीपूर्ण छ।

**अवसरहरू:**

डोटी जिल्लामा शिखर नगरपालिका ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक तथा धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण क्षेत्र भएकाले विशेष पर्यटकीय केन्द्रको रूपमा विकास हुने सम्भावना छ। विविध धार्मिक एवं प्राकृतिक सौन्दर्यले भरिपूर्ण शिखर धार्मिक क्षेत्र लाटाकाफली, केदारेश्वर, सालमुनी एवं भागेश्वर, गहनान लगायतका शक्तिपीठहरू, सेती नदी एवं तालतैलया, देउताल, खरताल, लगायतका महत्त्वपूर्ण ऐतिहासिक ताल तलैयाहरू, जडीबुटी, वन पैदावार, कृषि, पशुपालन, नगदेबाली लगायतका थुप्रै सम्भावनाका क्षेत्रहरू छन्। यी क्षेत्रहरूको प्रभावकारी प्रयोग र दिगो विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास मार्फत विकासका क्षेत्रमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनीतिक दलहरूबाट भएको सहयोग, विकास साझेदारहरूको प्रयास, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूको सहयोग, समन्वय र सहकार्य, निजी क्षेत्रको प्रवेश, सञ्चारकर्मी तथा नागरिक समाज लगायत शिखरवासीको विकासप्रति रहेको चासो शिखरको समग्र विकासका लागि अवसरका रूपमा लिएको छ ।

अन्य महत्त्वपूर्ण अवसरहरू निम्न रहेका छन्:

- नदीजन्य पदार्थ, जडीबुटी तथा वनजन्य पदार्थको प्रचुरता रहेको र सोको वातावरणमैत्री उपयोगबाट आन्तरिक आम्दानी बढोत्तरी गर्ने सम्भावना रहेको छ।

दिर्घ बहादुर बोहरा
नगर प्रमुख

- साहसिक खेल (बन्जी), प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं जैविक सम्पदाहरूको संरक्षण र प्रचारप्रसारबाट पर्यटन क्षेत्रको विकास गरी नागरिकको आयस्तर बढाउन सकिने सम्भावना रहेको छ।
- जातीय विविधतालाई आय आर्जन तथा सामाजिक विकासका रूपमा विकासयोग्य रहेको। परम्परागत सीप सिर्जनाको जगेर्ना गर्दै आर्थिक समृद्धिको सम्भावना रहेको।
- पर्यटकीय प्रवर्द्धनमा सेती नदीमा वाटर बोट सञ्चालन, पर्या पर्यटन अन्तर्गत होमस्टे सञ्चालन, प्याराग्लाइडिङ्ग, पदमार्ग निर्माण गरी स्थानीय समुदायलाई स्थायी जीविकोपार्जनमा जोडी आय स्तर वृद्धि गर्न सकिने ।
- उच्च पहाडी भेगमा अवस्थित तेले लेक, महाभारत, वन्यजन्तुको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार गरेर पर्यटन भित्र्याउन सकिने।
- दानव गुफा, देउल, पशुपतिनाथ, भागेश्वर, सालमुनी लगायतका सयौं धार्मिकस्थलहरूको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार गरेर धार्मिक पर्यटनको विकास गर्न सकिने।

## सुधारका क्षेत्र

शिखर नगरपालिकाले विभिन्न क्षेत्रमा सुधार ल्याउन निम्न महत्त्वपूर्ण पक्षहरूमा केन्द्रित हुने नीति लिएको छः

- विद्युतीय, अनलाइन माध्यमद्वारा सेवा प्रवाह गर्ने ।
- संघ र प्रदेश सरकार र अन्तर्गतका निकायहरू, सहकारी संस्था वन उपभोक्ता समिति, खानेपानी समितिहरू, एनजीओ/आईएनजीओहरू एवं स्थानीय सामाजिक र धार्मिक संघहरूसँग समन्वय गरी कार्य गर्ने ।
- कार्य मैत्री वातावरण सिर्जना गर्ने ।
- पदाधिकारी, कर्मचारीहरू र अन्य विकासमा साझेदारहरूसँग समन्वय र सहकार्य गर्ने ।
- विकासमा सबैको सहभागिता प्रत्याभूति दिलाउन, सबैलाई समेट्ने र सम्बोधन गर्ने ।
- नगरमा रहेको प्राकृतिक सम्पदा, नदीजन्य पदार्थ, वन पैदावार चोरी निकासी तथा अवैध पैठारी नियन्त्रण गर्ने ।
- उत्पादित कृषि उपजको उचित भण्डारण, बजारीकरण गरी नागरिकलाई कृषि क्षेत्रमा स्थायी आश्रित गराई दिगो जीविकोपार्जन गर्ने/गराउने ।
- आर्थिक समुन्नतिका सूचकका रूपमा रहेका चुनौतीहरूलाई यथोचित सम्बोधन गर्ने। लागू औषधि नियन्त्रण र नियमन।

**आदरणीय सभाका अध्यक्ष ज्यू,**

**सभाका सदस्यज्यूहरू,**

दिर्घ बहादुर बलायर
नगर प्रमुख

**अब म नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू प्रस्तुत गर्दैछुः**

शिखर नगरपालिकाको आर्थिक वर्ष २०८३-०८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा निम्न ऐन, नियम तथा दस्तावेजहरूलाई आधार मानिएको छ, जसले समग्र नगरको विकास योजनालाई मार्गनिर्देश गरेको छः

- नेपालको संविधानले तोकेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, स्थानीय सरकारको अधिकार क्षेत्रका विषयहरू ।
- नेपाल सरकारको र प्रदेश सरकारको आर्थिक वर्ष २०८३-०८४ को नीति तथा कार्यक्रम ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ।
- नेपाल सरकारको सोह्रौं आवधिक योजना।
- सुदूरपश्चिम प्रदेश सरकारको आवधिक योजना।
- शिखर नगरपालिकाका विगत वर्षहरूका नीति तथा कार्यक्रमहरू।
- शिखर नगरपालिकाले हालसम्म स्वीकृत गरेका विभिन्न ऐन, नियमावली, कार्यविधि तथा दस्तावेजहरू।
- राष्ट्रिय योजना आयोगले जारी गरेको दिगो विकास लक्ष्यहरूको स्थानीयकरण सम्बन्धी स्रोत पुस्तिका ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४।
- विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन, वातावरण मैत्री, बालमैत्री तथा पोषणमैत्री स्थानीय शासन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, लक्षितवर्गको सशक्तिकरण लगायतका विकासका अन्तरसम्वन्धित विषयहरू ।
- नेपाल सरकारले समय समयमा गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू।
- नगरपालिकाको तथ्याङ्कीय सामाजिक तथा भौगोलिक आधार।
- आम शिखरबासी तथा शिखर नगरपालिकामा सक्रिय राजनीतिक दलका रचनात्मक सुझाव र घोषणापत्रमा उल्लिखित प्राथमिकताहरू ।
- शिखर नगरपालिकामा उपलब्ध स्रोत, साधनका अभिलेखहरू।

यी आधारहरूले नगरपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरूलाई यथार्थपरक, समावेशी र दिगो बनाउन मार्गदर्शन प्रदान गरेका छन्।

**आदरणीय सभाका अध्यक्ष ज्यू**

**सभाका सदस्य ज्यूहरु,**

अब म शिखर नगरपालीकाको क्षेत्रगत नीति तथा कार्यक्रम तर्फ ध्यानाकर्षण गर्न चाहान्छु ।

दिर्घ बहादुर बलायर

नगर प्रमुख

CamScanner

## (क) स्वास्थ्य, सरसफाइ, पोषण र सुरक्षित मातृत्व, पोषणमैत्री र बालमैत्री नगरः

१. नगरपालिकाले "घर घरमा स्वास्थ्य सेवा, शिखर सरकारको टेवा" नाराका साथ स्वास्थ्य सेवालाई घरघरमा पुर्याउने लक्ष्य लिएको छ। गर्भवती महिलाहरूलाई निःशुल्क एम्बुलेन्स सेवा, नियमित गर्भजाँच र स्वास्थ्य बिमाका लागि प्रोत्साहन गरिनेछ । कुपोषण न्यूनीकरण कार्यक्रम लाइ बिषेश जोड दिइने छ । पोषण मैत्रि स्वास्थ्य संस्था घोषणाका लागि अवश्यक पर्ने क्रियाकलापहरु सञ्चालन गरिने छन् । मानसिक स्वास्थ्य सेवा विस्तार र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि विशेष स्वास्थ्य सेवाहरू प्रदान गरिनेछ ।विषेशज्ञ स्वास्य सेवा सहितको १५ सैयाको अधारभुत अस्पताल लाइ सञ्चालनमा ल्याइने छ ।विभिन्न प्रकारका घुम्ति शिबिरहरु सञ्चालन गरिने छन् ।

२. सुरक्षित मातृत्व, पोषणमैत्री र बालमैत्री नगर, कुपोषण न्यूनीकरण, सरसफाइ, फोहोरमैला व्यवस्थापन र वैकल्पिक ऊर्जाको प्रयोगलाई प्राथमिकता दिइनेछ । बर्थिंग सेन्टरहरु लाई पुनरावलोकन गरी सबैको सहज पहुँचमा जोड दिइनेछ ।

३. आधारभूत स्वास्थ्य सेवालाई सबै नागरिकको पहुँचमा पुऱ्याउँदै, ९८ प्रकारका औषधी वर्षभर निःशुल्क उपलब्ध गराइनेछ; स्वास्थ्य संस्थाहरूलाई न्यूनतम सेवा मापदण्डअनुसार सञ्चालन गरी गुणस्तर कायम गरिनेछ।

४. पालिकास्तरको अस्पतालमा नियमित चिकित्सकीय सेवा, भिडियो एक्सरे, ल्याव, ईसीजी, शल्यक्रिया र फार्मेसी सेवा उपलब्ध गराइनेछ; स्वास्थ्य चौकी, बर्थिङ सेन्टरको भौतिक पूर्वाधारमा सुधार गरिनेछ।

५. ६० वर्षमाथिका वृद्ध, दीर्घरोगी, महिला, किशोरी र बालबालिकाको स्वास्थ्य सुधारका लागि विशेषज्ञ सेवा, पोषण सुधार कार्यक्रम, बहुक्षेत्रीय पोषण योजना, सुनौलो १००० दिनका कार्यक्रम सञ्चालन गरिनेछ।

६. पोषण लेखाजोखा, स्क्रिनिङ, उपचार, O.T.C. केन्द्र विस्तार र आगामी तीन वर्षमा पोषणमैत्री पालिका घोषणाका लागि आवश्यक पहल गरिनेछ।

७. महिला स्वास्थ्य स्वयंसेविकाको प्रोत्साहनका लागि चाडपर्व खर्च, योगदानमा आधारित कार्यक्रम तथा उत्कृष्ट स्वास्थ्यकर्मी/स्वयंसेविका सम्मान गरिनेछ।

८. पाठेघर क्यान्सर जाँच, उपचार, अप्रेशन सहायता लगायत महिला प्रजनन स्वास्थ्य सेवामा जोड दिइनेछ।

९. WIFI जडानसहित सबै स्वास्थ्य संस्थामा अनलाइन रिपोर्टिङ र सञ्चार व्यवस्थापन गरिनेछ; वार्षिक समीक्षा प्रणालीमार्फत सेवा गुणस्तर सुनिश्चित गरिनेछ।

१०. सुत्केरी महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ ।

११. आयुर्वेद स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, योग शिविर तथा योग हल मार्फत वैकल्पिक चिकित्सा सेवा र स्वास्थ्य जीवनशैली प्रवर्द्धन गरिनेछ ।

नगर प्रमुख

CamScanner

## (ख) शिक्षा युवा तथा खेलकुद:

१. विद्यालयहरुको नक्साङ्कन तथा सर्वेक्षण गरी विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यलाइ व्यवस्थित र वस्तुनिष्ट हिसाबले सञ्चालन गरिनेछ ।

२. नगर शिक्षा योजनालाइ आवश्यकताका आधारमा अध्यावधिक गरिनेछ ।

३. यस नगरपालिका स्थायी बासिन्दाहरु मध्येबाट दलित र अति विपन्न परिवारका विद्यार्थीहरु MBBS तथा अन्य प्राविधिक उच्च शिक्षा अध्ययन गर्ने भएमा सहुलियत छात्रवृत्ति दिइनेछ । नगर भित्र सञ्चालित विद्यायहरुमा अध्ययनरत टुहुरा तथा अति विपन्न बालबालिकाहरुलाइ छात्रवृत्ति प्रदान गरिनेछ ।

४. विद्यालयमा छात्राबास सञ्चालनका लागि कार्यविधि बनाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमन तथा सहजीकरण गरिनेछ ।

५. विद्यालयहरुको अनुगमन/सुपरीवेक्षण तथा कक्षा अवलोकन कार्यलाई व्यवस्थित गरी बस्तुनिष्ट मापदण्ड बनाइ अङ्कनका आधारमा विद्यालयहरुको स्तर निर्धारण गरिनेछ र सो को नतिजाका आधारमा विद्यालय तथा शिक्षकहरुलाइ प्रोत्साहन गरिनेछ ।

६. विद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गर्न विद्यालयहरुमा खानेपानी फिल्टरको व्यवस्था गरिनेछ ।

७. विद्यालयमा खेलकुद सामग्रीहरुको सुनिश्चित गर्न विद्यालयमा उपलब्ध भएका र आवश्यक सामग्रीहरुको विवरण एकीन गरी खेलकुद सामग्री उपलब्ध गराइ खेलकुद गतिविधहरुमा समेत बालबालिकाहरुलाइ ईच्छुक बनाउन र अन्य दुर्व्यसनी भन्दा अध्ययन योगा र खेलकुदमा व्यस्त बनाउने नीति लिइनेछ ।

८. प्रत्येक माध्यमिक विद्यालयमा स्मार्टबोर्डको व्यवस्था गरिनुका साथै AI को प्रयोग सहितको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षकहरुलाइ २ दिने तालिम प्रदान गरी प्रभावकारी शिक्षणको सुनिश्चित गर्न पहल गरिनेछ ।

९. विद्यालयमा आवश्यक सम्पूर्ण ICT सामग्रीहरु उपलब्ध गराइनुका साथै प्रत्येक विद्यालयहरुमा विद्युतीय हाजिरीको व्यवस्था गरी शिक्षकहरुको उपस्थिति नियमित गरिनेछ ।

१०. शिक्षक निर्देशिकाको प्रयोग अनिवार्य गर्न प्रत्येक विद्यालयमा प्रत्येक विषयको एक/एक थान शिक्षक निर्देशिकाको व्यवस्था गरिनेछ । शिक्षक निर्देशिकाको प्रयोग बिना शिक्षण गर्ने शिक्षकहरुलाइ आवश्यक कारबाही गरनेछ ।

११. सिकाइ स्तर कमजोर भएका बालबालिकाहरुको पहिचान गरी सिकाइ सुधारका लागि थप कक्षा व्यवस्थापन तथा अन्य तौर तरिकाहरु अपनाइनेछ ।

दिर्घ बहादुर बलायर
नगर प्रमुख

१२. आधारभूत १-५ का लागि निरन्तर मूल्याङ्कन पुस्तिकाहरु पालिकाबाटै उपलब्ध गराइनेछ र सो को प्रयोगको नियमित अनुगमन गराइ प्रभावकारी रुपमा सञ्चालन गरी बालबालिकाहरुको सिकाइ सुनिश्चित गरिनेछ ।

१३. विद्यालयमा पठन संस्कृतिको विकास गरी माध्यमिक विद्यालयमा पुस्तकालयको प्रयोग र आधारभूत विद्यालयमा सिकाइ कुनाको व्यवस्था गरिनेछ ।

१४. विद्यालयका प्रधानाध्यापकहरु तथा शिक्षकहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरी पाठ्यक्रम अनुसार जुन तह वा विषयमा जुन विषय सिक्नु पर्ने हो सो सिकाईको सुनिश्चितताका लागि क्षमता विकास अनुगमन तथा दण्ड पुरस्कारको व्यवस्थालाइ प्रभावकारी बनाइनेछ ।

१५. शिक्षक वैंक कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालय सुपरीवेक्षण तथा मेन्टरी कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१६. विद्यालयहरुको सर्वपक्षीय र विद्यार्थीहरुको सर्वाङ्गिण विकासका लागि मेरो विद्यालय मेरो योगदान कार्यक्रम लागु गरिनेछ ।

१७. नगरपालिकाभित्रका विभिन्न खेलाडीहरुको पहिचान र विकासका लागि नगरपालिकाबाट सञ्चालन हुने खेलकुदका कार्यक्रमहरु एक द्वार प्रणाली र शिक्षा युवा तथा खेलकुद शाखाबाट सञ्चालन गरिने र पहिचान भएका खेलाडीहरुको विकासका लागि अभिलेख व्यवस्थापन तथा तालिमका कार्यक्रमहरु आयोजना गरिनेछ ।

१८. नगरपालिका भित्रका १८-४० वर्षका वेरोजगार युवाहरुको लगत संकलन गरिनेछ । उहाँहरुको जीवनस्तर सुधारका लागि आवश्यक पहल गरिनेछ ।

१९. सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन प्रभावकारी बनाइ समुदायको साथिको रुपमा विकास गरिनेछ । अनौपचारिक शिक्षाका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

## (ग) कृषि विकास क्षेत्रः

१ उच्च मूल्यका तरकारी तथा अन्य नगदे बालीहरूको उत्पादन प्रवर्द्धन गर्न प्राविधिक सम्भाव्यताका आधारमा प्रत्येक वडामा कम्तीमा एक व्यवसायिक कृषि उत्पादन केन्द्र स्थापना (पकेट क्षेत्र) गरी आधुनिक, व्यावसायिक तथा प्रविधिमैत्री खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ।

२ विदेशबाट फर्किएका युवाहरुलाई मागमा आधारित कृषि तथा पशुपन्छी विकास कार्यक्रममार्फत कृषि उद्यममा आबद्ध गराई स्वरोजगार तथा आत्मनिर्भर बनाउने कार्यलाई निरन्तरता दिइनेछ।

३ नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण कृषक घरधुरीलाई राष्ट्रिय किसान सूचीकरण प्रणालिमा आवद्ध गरी कृषि क्षेत्रको तथ्याङ्क व्यवस्थापन तथा सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

४ कृषियोग्य भूमिको पूर्ण उपयोग सुनिश्चित गर्न नगरपालिका क्षेत्रभित्र कुनै पनि खेतीयोग्य जमिन बाँझो रहन नदिने नीति अवलम्बन गरिनेछ। बाँझो जमिनमा खेती गर्न इच्छुक कृषक तथा

दिर्घ बहादुर बलायर

उद्यमीहरूलाई असल कृषि अभ्यास तथा जलवायु–स्मार्ट कृषि कार्यक्रम संचालन गरी उत्पादनमा आधारित अनुदान उपलब्ध गराइनेछ।

५ कृषि उत्पादन वृद्धि तथा लागत न्यूनीकरणका लागि रासायनिक मल, कृषि औजार तथा यन्त्र, कृषिजन्य सामग्री तथा तरकारी एवं खाद्यान्न बालीका उन्नत तथा हाइब्रिड बीउविजनरसायनिक , विषादी अनुदानमा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६ नगरपालिका भित्र सेती नदीको आसपासका खेती योग्य उर्वर जमिनमा प्रर्याप्तता सिचाई सुविधा सुनिश्चित गर्न प्रदेश सरकार र अन्य निकायहरु संगको सहकार्य तथा लागत साझेदारीमा लिफ्ट सिंचाई कार्यक्रम संचालन गरीनेछ ।

७ फलफुल विकास कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालनमा ल्याई अनिवार्य एक घर ५०. फलफुल बिरुवा रोपण अभियान संचालन गरिनेछ नगरपालिका भित्र रहेको तेले पर्वत ,श्रृखलाको आसपासका क्षेत्रहरुमा टिमुर, तथा सुन्तलाजातका फलफुल र डाक्टर सिंह राजमार्ग.आई. को आसपासको क्षेत्रहरुमा वृहत आँप लिचि केरा खेती रोपण अभियान संचालन गरिनेछ ।

८ खाद्यान्न बालीको बीउ उत्पादन गर्न तथा रैथाने बालीको बीउहरुको संरक्षण गर्न नगरपालिका भित्र रहेका सिड बैंकहरूको स्तरोन्नति गरी मसिना जातका धानको गुणस्तरीय उन्नत बीउ उत्पादनमा विशेष जोड दिइनेछ।

९ कृषि क्षेत्रमा जोखिम न्यूनीकरण तथा उत्पादन व्यवस्थापनका लागि कृषि तथा पशुपन्छी बीमा कार्यक्रम र खेतीयोग्य जमिनको माटो परीक्षण कार्यलाई निरन्तरता दिइनेछ।

१०व्यावसायिक कृषि प्रवर्द्धनका लागि नमुना कृषि फर्म स्थापना कार्यक्रम सञ्चालन गरिनेछ तथा उत्कृष्ट कृषि उद्यम सञ्चालन गर्ने कृषक, कृषक समूह र सहकारीलाई सम्मान तथा पुरस्कार प्रदान गरिनेछ।

११कृषि उपजको बजारीकरण सहज बनाउन उत्पादन क्षेत्रलाई बजारसँग जोड्ने कृषि सडक, संकलन केन्द्र, तथा अन्य आवश्यक कृषि पूर्वाधारहरूको निर्माण, स्तरोन्नति तथा विस्तार गरिनेछ।

### (घ) पशुपन्छी विकास:

१. पशुहरुमा नक्ष सुधार कार्यक्रमलाइ निरन्तरता दिईनेछ ।

२. पशुपन्छी खोप कार्यक्रमलाइ विषेश जोड दिइनेछ ।

३. पशुपन्छिमा हुने विभिन्न. किसिमको जोखीम न्यूनिकरण गर्न पशुपन्छी विमा कार्यक्रमलाई प्रभावकारी बनाउन चेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

दिर्घ बहादुर बलायर

CamScanner

४. पशुपन्छी उपचार सेवा लाइ स्थानीय स्तरमा विस्तार गरि सहज र सवैको पहुँच कायम गरिने छ ।

५. साना तथा निर्वाहामुखी पशुपालन गर्ने कृषकलाई उन्नत घाँस तथा गोठ/खोरसुधार विशेष सहुलियत दिने व्यवस्था मिलाईनेछ ।

**(ङ) सीप, रोजगार तथा उद्यमशिलता:**

१. रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन सम्बन्धी सेवा प्रवाहलाई एकीकृत गर्न रोजागार सेवा केन्द्रलाई आन्तरिकरण गर्दै "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र" का रुपमा रूपान्तरण गरिनेछ ।

२. आफ्नै स्थानमा उद्यम गर्न चाहनेहरूलाई विशेष अनुदान र प्रोत्साहन दिई एक घर एक उद्यमी तथा एक वडा एउटा व्यवसाय सञ्चालन गरिनेछ।

३. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको श्रम स्वीकृतिमा सहजिकरण गर्ने साथै श्रम स्वीकृती लिएर वैदेशिक रोजगारीमा गएका, अलपत्र परेका, मृत्यु भएका व्यक्ति तथा तिनका परिवारहरुलाइ राहत, उद्दार गरी आर्थिक सहायतामा सहजिकरण गरिनेछ ।

४. वैदेशिक रोजगारीका कारण सिर्जना भएका मनोसामाजिक समस्यालाई न्यूनिकरण गर्न मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ ।

५. साना, घरेलु तथा उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

६. युवाहरु, महिला, दलित तथा विपन्न समुदायका लागि ए.आई. मा आधारीत सीपमूलक तालीम सञ्चालन गरीनेछ ।

७. गैरसरकारी संस्था र सरोकारवालासँग सहकार्य गरी उद्यम विकास र रोजगार सिर्जनाका लागि योजनाहरू बनाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

**(च) महिला, दलित, जेष्ठ नागरिक, अपांगता तथा बालबालिका तर्फ**

१. HIV/AIDS संक्रमित, पाठेघर खसेका महिला तथा पूर्णअति अशक्त अ/ पाङ्गता भएका व्यक्तिका लागि निशुल्क औषधि उपचारको व्यवस्था गरिनेछ।

२. बालविवाह, घरेलु हिंसा, लागुपदार्थ दुर्व्यसन जस्ता सामाजिक कुप्रथा विरुद्ध महिला लक्षित सचेतनामुलक कार्यक्रम तथा विविध दिवसीय कार्यक्रम सञ्चालन गरिनेछ।

३. लक्षित वर्ग, एकल महिला, आर्थिक रूपमा कमजोर महिला तथा समुदायका लागि मागमा आधारित सीपमूलक र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

दिर्घ बहादुर बलायर

नगर प्रमुख

CamScanner

४. अपाङ्गता भएका व्यक्तिहरूको सेवा सुविधा, कानुनी शिक्षा, जनचेतना, सहयोगी सामग्री वितरण, तथा पहुँच सुनिश्चित गर्न अपाङ्गतामैत्री संरचना निर्माण, अपाङ्गता संहिता कक्ष स्थापना र वित्तीय सहभागिता अभिमुखीकरण कार्यक्रम गरिनेछ ।

५. जेष्ठ नागरिक सम्मान, अपाङ्गता भएका बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिनेछ।

६. समावेशी शिक्षा प्रवर्द्धनका लागि बालिका तथा समावेशी शिक्षा सञ्जालको पालिका स्तरीय समिति गठन गरिनेछ ।

७. महिलाहरुको घरायसी कार्यबोझ कम गर्न महिला मैत्री उपकरणहरु वितरण तथा प्रवर्धन गरिने छ साथै परामपरागत चुलोलाइ सुधारीएको उन्नत चुलोले पुनस्थापित गर्दै धुवाँ तथा प्रदुषणमुतक्त भान्साको विकास गरिने छ ।

८. दलित समुदायको समग्र विकासका लागी "दलित सशक्तिकरण ऐन" निर्माण गरिनेछ ।

## (छ) विपद व्यवस्थापनः

१. बाढी पहिरो आगलागी भूकम्प महामारी लगायत जोखिमको पहिचान तथा न्यूनीकरण गरीने छ ।

२. विपद परेपछि तत्काल खोज उद्धार राहत सामाग्री वितरणका लागी विपद व्यवस्थापन कोष लाइ निरन्तरता दिईनेछ ।

३. सेती नदी र शाखा खोलाहरूबाट हुने कटान तथा बाढीको जोखिम न्यूनीकरण गर्न तटबन्ध निर्माण र आवश्यक तारजालीको व्यवस्था गरिनेछ। विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि आकस्मिक आश्रय स्थल निर्माण, मौसम पूर्वानुमान सूचना प्रणालीको विकास, र स्थानीय रेडक्रस जस्ता संस्थाहरूसँग समन्वय गरिनेछ। जडीबुटीजन्य वनस्पति रोपण र प्राकृतिक स्रोतको दिगो उपयोगमा जोड दिइनेछ ।

## (ज) भौतीक पुर्वाधारः

१. खानेपानी, जलस्रोत तथा ऊर्जा विकासः "स्वस्थ जीवनको आधार, एक घर एक धारा न्यूनतम पूर्वाधार" नाराका साथ घरघरमा स्वच्छ खानेपानीको धारा पुर्याइनेछ । नयाँ तथा पुराना खानेपानी आयोजनाहरूको निर्माण, सुधार, विस्तार र ट्रिटमेन्ट प्लान्टको व्यवस्था गरिनेछ । संघिय सरकार प्रदेश सरकारको समन्वयमा लिफ्टिङ्ग प्रविधिबाट खानेपानी उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ । विद्युतको दिगो व्यवस्थापनका लागि नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरी सबस्टेशन राख्न पहल गरिनेछ

२. यातायात लगायत भौतिक पूर्वाधारहरूः शिखर चक्रपथ (रिङ रोड) निर्माणको कार्यलाई प्राथमिकतामां राखिनेछ। निर्माणाधीन अस्पताल, सडक खण्डहरू, कल्भर्ट र सिंचाइ कुलोहरु

दिर्घ बहादुर बलायर
नगर प्रमुख

CamScanner

निर्माण र स्तरोन्नतिमा जोड दिइनेछ । सार्वजनिक निर्माण कार्यहरूमा गुणस्तर सुनिश्चित गर्न निरन्तर अनुगमनको व्यवस्था गरिनेछ । भौतिक संरचनाहरूलाई नागरिकमैत्री, अपाङ्गमैत्री, बालमैत्री र वातावरणमैत्री बनाउन पहल गरिनेछ ।

३. खानेपानी मुहानको संरक्षण गरी दिगो खानेपानी व्यवस्थापनमा जोड दिइनेछ ।

४. घरनक्शा पास मापदण्ड वमोजिम घर संरचनाहरु निर्माणमा जोड दिईनेछ र भुकुम्प प्रतिरोधि बनाउने निती अवलम्बन गरिनेछ ।नगरपालिका भित्र निर्माण हुने घरहरुको नक्शा पासको दायरामा ल्याईनेछ साथै बनिसकेका घरहरुको अभिलेखीकरण गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।

५. आवश्यकता अनुसार खानेपानी सडक भवन पुल पर्यटन क्षेत्रको पहिचान गरि आवश्यकता अनुसार डि.पि.आर. र आइ.इ.इ. गरेर मात्र अगाडी बढाउने व्यवस्था गरिनेछ। साथै डि.पि. आर. भै सकेका आयोजनाहरुलाई प्राथमिकतामा राखेर कार्यान्वयन गर्दै लगिनेछ ।

६. नगरपालिका क्षेत्रभित्र विभिन्न ठाउँमा आवश्यकता अनुसार झुलुङ्गे पुलको निर्माणकालागि आवश्यक पहल गरिनेछ ।

७. आगामी आर्थिक वर्ष २०८३/०८४ देखि उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुको उपभोक्ता समिति मंसिर महिना भित्र गठन गर्ने र चैत्र मसान्त भित्र समझौता गरी सक्ने व्यवस्था अनिवार्य कार्यान्वयन गरिनेछ साथै योजनहरुको प्रभावकारी रुपमा संचालनका लागि उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमता विकास तालिम संचालन गरिनेछ ।

८. विकास प्रक्रियालाई दिगो भरपर्दो वस्तुपरक बनाउन कार्यान्वयनमा रहेको योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन एवं मूल्यांकन पद्धतिलाई नतिजामूलक बनाईनेछ ।

## (झ) सहकारी

१. सहकारी संस्थाहरुको सहकार्यमा उत्पादन प्रशोधन र बजारीकरणमा जोड दिईनेछ ।

२. यस नगरपालिका भित्र रहेका सहकारीहरुलाई पालिकाको मातहतमा ल्याई नियमित अनुगमन निरिक्षण गरि नियमन गरिनेछ ।

३. पालिका भित्र रहेका सहकारीहरुलाई सूचिकृत गरि चौमासिक रुपमा प्रतिवेदन बुझाउन अनिवार्य गरिनेछ र उत्कृष्ठ सहकारी संग साझेदारीको रुपमा कार्यक्रम संचालन गरिनेछ ।

## (ञ) राजस्व सम्बन्धी नीति

दिर्घ बहादुर बलायर
नगर प्रमुख

CamScanner

१. आम करदाता र कर प्रशासनबीच इमानदारी, पारदर्शिता र सदाचारिता कायम गर्दै करदाता साक्षरता अभियान सञ्चालन गरिनेछ; सबै कर तथा गैर कर राजस्व अनलाइन प्रणाली मार्फत संकलन गरी प्रणाली सुदृढ बनाइने छ ।

२. म्याद गुज्रिएका खाद्य सामग्री, अत्यधिक विषादी, र अवैध व्यवसाय नियन्त्रण गर्न व्यवसाय दर्ता र नविकरणलाई कानुनी दायरामा ल्याई प्रभावकारी अनुगमन गरिनेछ।

३. सामुदायिक वनको तथ्याङ्क संकलन गरी स्थानीय सरकार सञ्चालन ऐनअनुसार राजस्व दायरा विस्तार गरिनेछ ।

## (ट) भूमि व्यवास्था सम्बन्धमा

१. कुनै पनि व्यक्तिले कृषि योग्य व्यक्तिगत जग्गा बाँझो राख्न नदिन पहल गरिनेछ ।

२. नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि विशेष पहल गरिनेछ। ऐलानी/पर्ति जगरगाको लगत लिई संरक्षणको कार्यलाई अगाडी बढाईनेछ र उक्त जग्गाको उपयोग गरि आय आर्जनको रुपमा परिणत गर्ने योजना र कार्यक्रमहरु बनाई कार्यान्वंयन गरिनेछ । सार्वजनिक जग्गामा वनेका घर भवन सटर टहरा घुम्ती पसललाई नगरपालिकाको करको दायराममा ल्याईने नीति रहनेछ ।

३. नगरपालिका क्षेत्रभित्रको भूमिलाई कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, र वन क्षेत्रका रूपमा वर्गीकरण गरीसकेको हुदाँ भू-उपयोग योजनालाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

४. भू-उपयोग नक्सा र लगत अद्यावधिकः नगरपालिकाको विस्तृत भू-उपयोग नक्सा (Land Use Map) लाई डिजिटल प्रविधि (GIS) मा आधारित बनाई स्थानीय स्तरसम्म कार्यान्वयनमा ल्याइनेछ ।

५. वर्गीकरण अनुसारको जग्गा उपयोगः कृषियोग्य जग्गालाई गैर-कृषि कार्यमा रूपान्तरण गर्न निरुत्साहित गरिनेछ र स्वीकृत भू-उपयोग योजना विपरीत गरिने कित्ताकाट तथा निर्माण कार्यलाई पूर्ण रूपमा रोक लगाइनेछ ।

६. सचेतना कार्यक्रमः स्थानीय जनप्रतिनिधि, अमिन, र सर्वसाधारणका लागि भू-उपयोग नियमावली र यसका फाइदाहरूबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

७. भूमि समस्या समाधान समिति सँगको समन्वयमा शिखर नगरपालिका भित्र रहेका वास्तविक सुकुम्वासी, भूमिहीन दलित, र अव्यवस्थित बसोबासीहरूको पहिचान गरी सुरक्षित आवास र भूमिमाथिको अधिकार सुनिश्चित गरिनेछ ।

८. वास्तविक सुकुम्वासी पहिचान (छानविन): राजनीतिक वा पहुँचका आधारमा गैर-सुकुम्वासीले जग्गा हात पार्ने अवस्थालाई रोक्न वडा स्तरीय छानविन समितिलाई सक्रिय र पारदर्शी बनाइनेछ ।

दिर्घ बहादुर बलायर
नगर प्रमुख

CamScanner

९. एकीकृत बस्ती विकास अध्ययन: घरवारविहीन नागरिकहरूका लागि सुरक्षित र उपयुक्त स्थानमा खानेपानी, बिजुली, र सडकको सुविधा सहितको 'एकीकृत नमुना बस्ती' निर्माणका लागि सम्भाव्यता अध्ययन र पूर्वाधार विकास सुरु गरिनेछ ।

१०. शिखर नगरपालीकामा आगामी आ.व. मा नापी र भुमि प्रशासन सम्बन्धीत कार्य यसै नगरपालीका बाट संचालन गर्न आवश्यक समन्वय र पहल गरी संचालनमा ल्याइनेछ ।

## (ठ) सुचना तथा प्रविधि तथा संचार

१. एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लागू गरी कागज रहित, छरितो, पारदर्शी र मितव्ययी प्रशासन सञ्चालन गर्ने पहल गरिनेछ।

२. सूचना प्रविधिमा नीतिगत स्थायित्व सहित उच्च गतिको भरपर्दो र किफायती इन्टरनेट सेवाको विस्तारका लागि पहल गरिनेछ।

३. विद्यालय, स्वास्थ्य संस्था तथा वडा कार्यालयमा इन्टरनेट पहुँच विस्तार गरिनेछ, साथै डिजिटल पहुँचबाट पछि परेका वर्ग, महिला, क्षेत्र र समुदायलाई समावेश गरिनेछ।

४. द्रुत गतिको फाइबर इन्टरनेट जडान र सेवा प्रवाहलाई अनलाइन प्रणाली मार्फत सिफारिस, दर्ता प्रमाणपत्र वितरण लगायत सेवा सञ्चालन गरिनेछ।

५. एकीकृत सम्पत्ति कर, मालपोत कर लगायतका करहरू अनलाइन प्रणालीबाट संकलन गर्न थालनी गरिनेछ।

६. उपलब्धिहरूको तथ्याङ्क संकलन, अनुगमन तथा प्रतिवेदन प्रणाली सञ्चालन गरिनेछ।

७. समग्रमा नगरपालिकालाई थप विद्युतीय सुशासन मैत्री बनाउन आवश्यक संरचना र प्रणालीको विकासमा पहल गरिनेछ ।

८. स्थानीय संचार माध्यमहरुलाई आवश्यक निति निर्माण गरि प्रर्वद्धन गरिने छ ।

## (ड) पेश्की/बेरुजु फछ्र्योट सम्बन्धि नीति

१. महालेखा परीक्षकको प्रतिवेदनले दिइएको सुझाव अनुसार बेरुजु फछ्र्योट गर्नका लागि नगरसभावाट लेखा समितिलाई नियमानुसार गठन गरी कृयाशिल बनाइनेछ।

२. पुरानो फछ्र्यौट हुन बाँकी रहेको पेश्की बेरुजु र अन्य बेरुजुलाई कम गर्न आवश्यक पहल गरिनेछ ।

३. नगर कार्यपालिकाको कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन प्रचलित कानूनको अक्षरश:कार्यान्वयन गरिने सार्वजनिक सुनुवाई सामाजिक परिक्षण जस्ता सुशासनका औजारहरुको प्रयोगमा जोड दिई आवश्यक थप नीतिगत कानूनी संरचनागत विकास गरि पारदर्शी जवाफदेहिता स्वच्छ र सदाचारयुक्त सहभागितामुलक सेवा प्रवाह गर्न प्रभावकारी अनुगमन कार्यलाई निरन्तरता दिईनेछ ।

दिर्घ बहादुर बलायर
नगर प्रमुख

CamScanner

९. एकीकृत बस्ती विकास अध्ययनः घरवारविहीन नागरिकहरूका लागि सुरक्षित र उपयुक्त स्थानमा खानेपानी, बिजुली, र सडकको सुविधा सहितको 'एकीकृत नमुना बस्ती' निर्माणका लागि सम्भाव्यता अध्ययन र पूर्वाधार विकास सुरु गरिनेछ ।

१०. शिखर नगरपालीकामा आगामी आ.व. मा नापी र भुमि प्रशासन सम्बन्धीत कार्य यसै नगरपालीका बाट संचालन गर्न आवश्यक समन्वय र पहल गरी संचालनमा ल्याइनेछ ।

## (ठ) सुचना तथा प्रविधि तथा संचार

१. एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लागू गरी कागज रहित, छरितो, पारदर्शी र मितव्ययी प्रशासन सञ्चालन गर्ने पहल गरिनेछ।

२. सूचना प्रविधिमा नीतिगत स्थायित्व सहित उच्च गतिको भरपर्दो र किफायती इन्टरनेट सेवाको विस्तारका लागि पहल गरिनेछ।

३. विद्यालय, स्वास्थ्य संस्था तथा वडा कार्यालयमा इन्टरनेट पहुँच विस्तार गरिनेछ, साथै डिजिटल पहुँचबाट पछि परेका वर्ग, महिला, क्षेत्र र समुदायलाई समावेश गरिनेछ।

४. द्रुत गतिको फाइबर इन्टरनेट जडान र सेवा प्रवाहलाई अनलाइन प्रणाली मार्फत सिफारिस, दर्ता प्रमाणपत्र वितरण लगायत सेवा सञ्चालन गरिनेछ।

५. एकीकृत सम्पत्ति कर, मालपोत कर लगायतका करहरू अनलाइन प्रणालीबाट संकलन गर्न थालनी गरिनेछ।

६. उपलब्धिहरूको तथ्याङ्क संकलन, अनुगमन तथा प्रतिवेदन प्रणाली सञ्चालन गरिनेछ।

७. समग्रमा नगरपालिकालाई थप विद्युतीय सुशासन मैत्री बनाउन आवश्यक संरचना र प्रणालीको विकासमा पहल गरिनेछ ।

८. स्थानीय संचार माध्यमहरुलाई आवश्यक निति निर्माण गरि प्रर्वद्धन गरिने छ ।

## (ड) पेश्की/बेरुजु फछ्र्योट सम्बन्धि नीति

१. महालेखा परीक्षकको प्रतिवेदनले दिइएको सुझाव अनुसार बेरुजु फछ्र्योट गर्नका लागि नगरसभाबाट लेखा समितिलाई नियमानुसार गठन गरी कृयाशिल बनाइनेछ।

२. पुरानो फछ्यौंट हुन बाँकी रहेको पेश्की बेरुजु र अन्य बेरुजुलाई कम गर्न आवश्यक पहल गरिनेछ ।

३. नगर कार्यपालिकाको कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन प्रचलित कानूनको अक्षरश:कार्यान्वयन गरिने सार्वजनिक सुनुवाई सामाजिक परिक्षण जस्ता सुशासनका औजारहरुको प्रयोगमा जोड दिई आवश्यक थप नीतिगत कानूनी संरचनागत विकास गरि पारदर्शी जवाफदेहिता स्वच्छ र सदाचारयुक्त सहभागितामुलक सेवा प्रवाह गर्न प्रभावकारी अनुगमन कार्यलाई निरन्तरता दिईनेछ ।

दिर्घ बहादुर बलायर
नगर प्रमुख

CamScanner

## (ढ) न्याय तथा शुसासन

१. शिखर नगरपालीका अन्तर्गत रहेको न्यायीक समिति लाई शिखर नगर बासीको न्यायमा पहुँच कार्यक्रमलाई थप बिस्तार गरी वडामा रहेका मेलमिलापकर्ता हरुको अध्यावधिक गरि निस्कृय मेलमिलाप कर्ताको ठाँउमा थप मेलमिलाप कर्ता छनौट गरि मेलमिलाप सम्बन्धि आधारभुत तालिम र पुनर्ताजगी तालिम संचालन गरिनेछ ।

२. मेलमिलाप कर्ता लाई सुचिकृत गरि वडा स्तरमा मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।

३. उत्कृष्ट कार्यसम्पादन गर्ने न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरूको अवलोकन भ्रमण गराइनेछ।

४. न्यायिक समितिसँग सम्बन्धित सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय र सहकार्य गरिनेछ।

५. निष्पक्ष न्याय सम्पादन गरिनेछ ।

६. सूचना प्रविधिको प्रयोग अभिवृद्धि गरी विद्युतीय शासन मार्फत् सुशासन प्रवर्द्धन र सेवाको विस्तार नगरपालिकाले न्यायमा सहज पहुँच सुनिश्चित गर्न कानूनी शिक्षा र सचेतना कार्यक्रमहरूलाई निरन्तरता दिनेछ ।

७. विद्युतीय शासन (e-governance) लाई प्राथमिकता दिँदै सेवा प्रवाहलाई छिटो, छरितो, सुलभ, जनमुखी र पारदर्शी बनाइनेछ।

८. गुनासो व्यवस्थापन प्रणाली, विद्युतीय भुक्तानी (E.F.T.) प्रणाली र डिजिटल नागरिक वडापत्र लागू गरिनेछ।

९. अनुदान होईन उत्पादनमा जोड भन्ने नीति रहनेछ ।

१०.भ्रष्टाचारमा शून्य सहिष्णुताको नीति अवलम्बन गरिनेछ।

११.नगर प्रोफाइल, आवधिक योजना, संगठन तथा व्यवस्था सर्वेक्षण(ONM) लगायत आवश्यक प्रोफाइलहरु तयार गरिनेछ ।

आदरणीय सभाका अध्यक्ष ज्यू,

सभाका सदस्य ज्यूहरु,

अव म शिखर नगरपालीकाको आ.व. २०८३।०८४ को आय र व्यय अनुमान प्रस्तुत गर्न चाहान्छु ।

### १. आय तर्फः

| सि.नं. | अनुदानको प्रकार | बजेट | कै. |
|---|---|---|---|
| १ | संघिय सरकार समानिकरण अनुदान | ११२४०००००। (एघार करोड चौविस लाख) | |

दिर्घ बहादुर बलायर
नगर प्रमुख

CamScanner

## (ढ) न्याय तथा शुसासन

१. शिखर नगरपालीका अन्तर्गत रहेको न्यायीक समिति लाई शिखर नगर बासीको न्यायमा पहुँच कार्यक्रमलाई थप विस्तार गरी वडामा रहेका मेलमिलापकर्ता हरुको अध्यावधिक गरि निस्कृय मेलमिलाप कर्ताको ठाँउमा थप मेलमिलाप कर्ता छनौट गरि मेलमिलाप सम्बन्धि आधारभुत तालिम र पुनर्ताजगी तालिम संचालन गरिनेछ ।

२. मेलमिलाप कर्ता लाई सुचिकृत गरि वडा स्तरमा मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।

३. उत्कृष्ट कार्यसम्पादन गर्ने न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरूको अवलोकन भ्रमण गराइनेछ।

४. न्यायिक समितिसँग सम्बन्धित सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय र सहकार्य गरिनेछ।

५. निष्पक्ष न्याय सम्पादन गरिनेछ ।

६. सूचना प्रविधिको प्रयोग अभिवृद्धि गरी विद्युतीय शासन मार्फत् सुशासन प्रवर्द्धन र सेवाको विस्तार नगरपालिकाले न्यायमा सहज पहुँच सुनिश्चित गर्न कानूनी शिक्षा र सचेतना कार्यक्रमहरूलाई निरन्तरता दिनेछ ।

७. विद्युतीय शासन (e-governance) लाई प्राथमिकता दिँदै सेवा प्रवाहलाई छिटो, छरितो, सुलभ, जनमुखी र पारदर्शी बनाइनेछ।

८. गुनासो व्यवस्थापन प्रणाली, विद्युतीय भुक्तानी (E.F.T.) प्रणाली र डिजिटल नागरिक वडापत्र लागू गरिनेछ।

९. अनुदान होईन उत्पादनमा जोड भन्ने नीति रहनेछ ।

१०.भ्रष्टाचारमा शून्य सहिष्णुताको नीति अवलम्बन गरिनेछ।

११.नगर प्रोफाइल, आवधिक योजना, संगठन तथा व्यवस्था सर्वेक्षण(ONM) लगायत आवश्यक प्रोफाइलहरु तयार गरिनेछ ।

आदरणीय सभाका अध्यक्ष ज्यू,
सभाका सदस्य ज्यूहरु,
अब म शिखर नगरपालीकाको आ.व. २०८३।०८४ को आय र व्यय अनुमान प्रस्तुत गर्न चाहान्छु ।

### १. आय तर्फः

| सि.नं. | अनुदानको प्रकार | बजेट | कै. |
|---|---|---|---|
| १ | संघिय सरकार समानिकरण अनुदान | ११२४०००००। (एघार करोड चौविस लाख) | |

दिर्घ बहादुर बलायर
नगर प्रमुख

CamScanner

| | | | |
|---|---|---|---|
| २ | संघिय सरकार राजश्व बाँडफाँड | १२६९८०००० (बाह्र करोड उन्सत्री लाख अन्ठानब्बे हजार) | |
| ३ | संघिय सरकार सशर्त अनुदान | ३५७००००००। (पैतिस करोड सत्तरी लाख) | |
| ४ | संघिय सरकार समपुरक अनुदान | २२९०००००। (दुई करोड उनन्तीस लाख) | |
| ५ | संघिय विशेष अनुदान | २४००००००। (दुई करोड चालीस लाख) | |
| ६ | सुदूरपश्चिम प्रदेश सरकार समानिकरण अनुदान | १००७००००। (एक करोड सत्तरी हजार) | |
| ७ | सुदूरपश्चिम प्रदेश सरकार राजश्व बाँडफाँड | ५१३५०००। (एकाउन्न लाख पैतिस हजार) | |
| ८ | प्रदेश सरकार सशर्त अनुदान | ४५२०००००। (चार करोड बाउन्न लाख) | |
| ९ | सुदूरपश्चिम प्रदेश सरकार समपुरक अनुदान | २४३४५०००। (दुइ करोड त्रिचालीस लाख पैचालीस हजार) | |
| १० | सुदूरपश्चिम प्रदेश सरकार विषेश अनुदान | ८६५००००। (छयासी लाख पचास हजार) | |
| ११ | पालिका आन्तरीक श्रोत | ८५०००००। (पन्चासी लाख) | |
| १२ | आ.व. २०८२।०८३ को वैंक मौजदात रहने | ४००००००००। (चार क़रोड) | |
| | जम्मा रकम रु. | ७८५१८००००।(अठहत्तर करोड एकाउन्न लाख असी हजार मात्र) | |

२. व्यय तर्फः

- शिखर नगरपालीका ११ वटा वडाहरुका लागी चालु तथा कार्यालय संचलन तर्फ रु ५५ लाख र पुँजिगत विभिन्न योजना तथा कार्यक्रम तर्फ रु. ३ करोड ३० लाख विनियोजन गरेको छु।
- शिखर नगरपालीका शिक्षा, युवा तथा खेलकुद तर्फका लागी रु १ करोड ८२ लाख विनियोजन गरेको छु ।
- शिखर नगरपालीका स्वास्थ्य शाखाका लागी रू.२५ लाख र १५ सैया नगर अस्पताल संचलनका लागी रू. ४ करोड ८५ लाख विनियोजन गरेको छुँ ।
- शिखर नगरपालीका कृषि विकास शाखाका लागी रू. २० लाख विनियोजन गरेको छुँ ।
- शिखर नगरपालीका पशुपन्छी विकास शाखाका लागी रू. १० लाख विनियोजन गरेको छुँ ।

दिर्घ बहादुर बलायर
नगर प्रमुख

CamScanner

| | | | |
|---|---|---|---|
| २ | संघिय सरकार राजश्व बाँडफाँड | १२६९८०००० (बाह्र करोड उन्सत्री लाख अन्ठानब्बे हजार) | |
| ३ | संघिय सरकार सशर्त अनुदान | ३५७००००००। (पैतिस करोड सत्तरी लाख) | |
| ४ | संघिय सरकार समपुरक अनुदान | २२९०००००। (दुई करोड उनन्तीस लाख) | |
| ५ | संघिय विशेष अनुदान | २४०००००। (दुई करोड चालीस लाख) | |
| ६ | सुदूरपश्चिम प्रदेश सरकार समानिकरण अनुदान | १००७००००। (एक करोड सत्तरी हजार) | |
| ७ | सुदूरपश्चिम प्रदेश सरकार राजश्व बाँडफाँड | ५१३५०००। (एकाउन्न लाख पैतिस हजार) | |
| ८ | प्रदेश सरकार सशर्त अनुदान | ४५२०००००। (चार करोड बाउन्न लाख) | |
| ९ | सुदूरपश्चिम प्रदेश सरकार समपुरक अनुदान | २४३४५०००। (दुइ करोड त्रिचालीस लाख पैचालीस हजार) | |
| १० | सुदूरपश्चिम प्रदेश सरकार विषेश अनुदान | ८६५००००। (छयासी लाख पचास हजार) | |
| ११ | पालिका आन्तरीक श्रोत | ८५०००००। (पन्चासी लाख) | |
| १२ | आ.व. २०८२।०८३ को बैंक मौजदात रहने | ४००००००००। (चार करोड) | |
| | जम्मा रकम रु. | ७८५१८००००।(अठहत्तर करोड एकाउन्न लाख असी हजार मात्र) | |

२. व्यय तर्फ:

- शिखर नगरपालीका ११ वटा वडाहरुका लागी चालु तथा कार्यालय संचलन तर्फ रु ५५ लाख र पुँजिगत विभिन्न योजना तथा कार्यक्रम तर्फ रु. ३ करोड ३० लाख विनियोजन गरेको छु।
- शिखर नगरपालीका शिक्षा, युवा तथा खेलकुद तर्फका लागी रु १ करोड ८२ लाख विनियोजन गरेको छु ।
- शिखर नगरपालीका स्वास्थ्य शाखाका लागी रू.२५ लाख र १५ सैया नगर अस्पताल संचलनका लागी रू. ४ करोड ८५ लाख विनियोजन गरेको छुँ ।
- शिखर नगरपालीका कृषि विकास शाखाका लागी रू. २० लाख विनियोजन गरेको छुँ ।
- शिखर नगरपालीका पशुपन्छी विकास शाखाका लागी रू. १० लाख विनियोजन गरेको छुँ ।

दिर्घ बहादुर बलायर
नगर प्रमुख

- शिखर नगरपालीका महिला, वालवालीका तथा जेष्ठ नागरीक शाखाका लागी रू. ३५ लाख विनियोजन गरेको छुँ ।
- शिखर नगरपालीका सिप, रोजगार तथा उद्यमशिलता केन्द्रका लागी रू. ६ लाख विनियोजन गरेको छुँ ।
- शिखर नगरपालीका न्यायिक समितिका लागी रू. ५ लाख विनियोजन गरेको छुँ ।
- शिखर नगरपालीका सूचना प्रविधि क्षेत्रका लागी रू. ५ लाख विनियोजन गरेको छुँ ।
- शिखर नगरपालीका विपद व्यवस्थापन तथा राहतका लागी रू. ७ लाख विनियोजन गरेको छुँ ।
- शिखर नगरपालीका बाट भुमि प्रशासनको कार्य गर्ने गरी शाखा संचालनका लागी रू. ५ लाख विनियोजन गरेको छुँ ।
- संघिय सरकार समपुरक अनुदान बाट संचालन हुने योजनाकालागी संघ बाट रू. २ कोरोड २९ लाख र शिखर नगरपालीका बाट :
  - कालागाड देखी छडीमाण्डौं सडक निर्माण मेचिङ्ग रू ३९ लाख विनियोजन गरेको छुँ ।
  - गोपघाट लाटामाण्डौं उजेलीगाउ सडक निर्माण मेचिङ्गमा रु ३० लाख विनियोजन गरेको छुँ ।
- सुदूरपश्चिम प्रदेश सरकार समपुरक अनुदान बाट संचालन हुने योजनाकालागी प्रदेश सरकार बाट रू २ करोड ४५ लाख ४३ हजार र शिखर नगरपालीका बाट:
  - राधाकृष्ण मा.वि. तिजालीको भवन निर्माणमा मेचिङ्गमा रू ४० लाख विनियोजन गरेको छुँ ।
  - कालागाड जल्फु सडक निर्माण मेचिङ्गमा रु १३ लाख विनियोजन गरेको छुँ ।
  - सिमार नाली सडक निर्माण मेचिङ्गमा रू २१ लाख विनियोजन गरेको छुँ ।
- संघिय सरकार विशेष अनुदान बाट संचालन हुने योजनाहरु:
  - खालकुलो निर्माण का लागी रू १ करोड विनियोजन गरेको छ ।
  - शैक्षिक विकासका लागी गुणस्तर अभिवृद्धि गर्न डिजिटल बोर्ड कालागी रू. १ करोड ४० लाख विनियोजन गरेको छ।
- सुदूरपश्चिम प्रदेश सरकार विशेष अनुदान बाट संचालन हुने योजना:
  - च्याउमुडे सिचाइ योजना कालागी रू. ३५ लाख ५० हजार विनियोजन गरेको छ।
  - आधारभुत अस्पताल सबलिकरणका लागी रू २५ लाखं ५० हजार विनियोजन गरेको छ ।

दिर्घ बहादुर बलायर
नगर प्रमुख

CamScanner

- एकिकृत कृषि तथा पशु विकास कार्यक्रमका लागी रू २५ लाख ५० हजार विनियोजन गरेको छ।

- शिखर नगरपालीका मेयर शैक्षिक सुधार कार्यक्रममा रू. ४० लाख विनियोजन गरेको छुँ ।
- संघिय सशर्त अनुदान तर्फ संचलन हुने विभिन्न कार्यक्रम तथा योजनाका लागी रू. ३५ करोड ७० लाख विनियोजन गरेको छ।
- सुदूरपश्चिम प्रदेश सशर्त अनुदान बाट संचलन हुने योजना तथा कार्यक्रमका लागी रू. ४ करोड ५२ लाख विनियोजन गरेको छ ।
- नगरपालीका बाट संचालन हुने योजना तथा कार्यक्रमका लागी रू. १ करोड ९७ लाख ३० हजार विनियोजन गरेको छुँ ।
- सडक बोर्ड साझेदारीमा रू २० लाख विनियोजन गरेको छुँ ।
- फर्निचर, सावारीसाधान मर्मत र मेसिनरी औजार दायित्व भुक्तानी तर्फ रू ४५ लाख विनियोजन गरेको छुँ ।
- MBBS छात्रवृती र अन्य प्राविधिक शिक्षा छात्रवृती तर्फ रू. ६ लाख विनियोजन गरेको छुँ ।
- अव्यवस्थित बसोवासी, सुकुम्वासी, र दलीत सुकुम्वासीका लागी जग्गा वितरण प्रकृया अगडी बढाउन रू ३ लाख ७० हजार विनियोजन गरेको छुँ ।
- धर्मिक मेला महोत्सव संचलन तथा व्यवस्थापन गर्न रू ५ लाख विनियोजन गरेको छुँ ।
- स्थानिय पाठ्यपुस्तक छपाईका लागी रू २५ लाख विनियोजन गरेको छुँ ।
- शिखर नगरपालीकाको प्रशासनिक तथा कार्यालय संचालनका लागी रु १२ करोड ६६ लाख १५ हजार विनियोजन गरेको छु ।

जम्मा व्यय तर्फ रू. ७८ करोड ५१ लाख ८० हजार विनियोजन गरेको छुँ ।

**आदरणीय सभाध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

अन्तमा, शिखर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा नगरपालिकाको प्राथमिकता र नगरवासीका आवश्यकताका साथै स्थानीय सम्भावित पहिचान भएका स्रोत साधनको अधिकतम प्रयोग गर्दै तिब्रतर आर्थिक वृद्धिद्वारा दिगो सुशासित र विकसित नगर बनाउनका लागि सम्पूर्ण प्रयत्न गरिनेछ ।

वास्तवमा विकास आफैंमा गतिशील र सकारात्मक परिवर्तनको अनुभूति र नौलो नंव परिवर्तनको विम्व पनि हो। जनमानसमा सबैलाई छिटो विकास भएको प्रत्याभूतिको खाँचो पनि छ। यसका लागि सामाजिक स्थायित्व, समाज बनावट, भौगोलिक अवस्थिति र साविकका घटनाक्रमले सिकाएको

दिर्घ बहादुर बलायर
नगर प्रमुख

शिक्षालाई बोध गरी, सामाजिक, सांस्कृतिक, मानवीय स्वास्थ्य, सरसफाइ, पोषण, विपद् व्यवस्थापन, लैङ्गिक हिंसा न्युनिकरणमा विशेष जोड दिइनेछ । नगरवासी आमा बुवा दाजुभाई तथा दिदीवहिनीहरू, नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर कार्यपालिकाका सदस्यहरू, नगर सभा सदस्यहरू, शाखा प्रमुखहरूमा हार्दिक आभार व्यक्त गर्दछु।

शिखर नगरपालिकाको यो नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न स्रोत व्यवस्थापन गर्न प्रदेश, संघीय सरकार, सरकारी गैरसरकारी संघसंस्थाहरू, दाता निकाय, अन्तर छिमेकी पालिकाहरु, अन्य पालिकाहरू, सामाजिक अभियानकर्ता, बौद्धिक व्यक्तित्वहरू, विभिन्न राजनीतिक दलहरू र आम नगर तथा जिल्लावासीको पनि महत्त्वपूर्ण भूमिका, समन्वय, सहकार्य, सुझाव सल्लाह तथा सहयोग मिल्ने पूर्ण अपेक्षा लिएका छौं ।

धन्यवाद !

सुनिता रावल जोरा नगर उप-प्रमुख
शिखर नगरपालिका, डोटी
मिति २०८३ असार १०. गते ।

दिर्घ बहादुर बलायर
नगर प्रमुख